# आ र्थक बर्ष २०७७/०७८ को

# बा र्षक नीति¸कार्यक्रम तथा बजेट

## हरिनगर गाँउपा लका

## सुनसरी¸प्रदेश नं १¸नेपाल

## १.पृष्ठभुमी :

सुनसरी जिल्लाको दक्षिण पशिशम भागमा अवस्थित यस भेगकै पुरानो व्यापारिक केन्द्रका रुपमा रहेको हरिनगर गाउँपालिकाको ऐतिहाँसिक छैठौं गाउँसभा बैठकमा आ.व.२०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिकरण समारोहमा उपस्थित सम्मानीत गाउँसभाका अध्यक्षज्यु लगायत सवै गाउँसभा सदस्यज्युहरुमा हरिनगर गाउँपालिका र स्वयं आफ्नो तर्फवाट यहांहरु सवैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।

हरिनगर गाउँपालिकाको यस गरिमामय गाउँसभा बैठकमा यहांहरु मांफ उभिरहदा नेपाल राष्ट्र निर्माण, राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र,संघीयता, समावेशी राज्य व्यवस्थाको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदानीपुर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

कोरोना भाइरसको संक्रमणले विश्वनै आकान्त भइरहेको र नेपालमा समेत यस भाइरसको संक्रमण फैलदै गइ हाल सम्म संक्रमितको संख्या ८ हजार नाघि सकेको र २२ जना व्यक्तिहरुको मृत्यु भइसकेको छ । भाइरसको संक्रमणका कारण नेपाल लगायत संसार भर मृत्यु भएका व्यक्तिहरुको आत्माको चिर शान्तीको कामना गर्दै संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सामाजिक दुरी कायम राख्दै हरेक गतिविधि संचालन गर्नु पर्ने वाध्यताका कारण स्थानीय तहहरुले विगत देखि अभ्यास गर्दै आइरहेको जनसहभागीतामुलक योजना तर्जुमा प्रकृया समेत प्रभावित भएको पृष्ठभुमीमा यो गाउँसभा बैठक संचालन हुन गइरहेको छ । यस परिस्थितिजन्य वाध्यताका सम्वन्धमा हामि सवै अवगत नै छौं भन्ने मैले विश्वास लिएको छु ।

नेपालको संविधानले तीन तहमा राज्यको पुनर्संरचना गरि राज्य शक्तिको बाँडफाँड गरेको र तीनै तहका सरकारहरुको कार्य जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरेको व्यहोरा विदितै छ । तीनै तहका सरकारहरुले आफ्नो कार्य जिम्मेवारी भित्रका विषयहरु कार्यान्वयन गर्न नीति, कार्यक्रम र बजेट निर्माण गरि तत् तत् तहका विधायिका समक्ष पेश गर्नु पर्ने संवैधानिक व्यवस्था अनुरुप यस हरिनगर गाउँपालिकाको आगामी आ.व.२०७७/७८ को बार्षिक नीति कार्यक्रम र बार्षिक बजेट गाउँ कार्यपालिकाबाट स्विकृत गरि यस सम्मानीत सभामा छलफल र स्विकृतिका लागि प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभुती भएको छ ।

आ.व. २०७७/०७८ को गाउँ विकास योजना तर्जूमा गर्दा हामीले कोभिड-१९ का कारण सिर्जित समस्या र त्यसवाट सिर्जित प्रभावको अध्ययन¸नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साभ्ता अधिकारीको सुची, मौलिक हक, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय तहमा बजेट तर्जुमा,आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धि निर्देशिका, संघीय तथा प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, चालु आवधिक योजनामा उल्लिखित लक्ष, उदेश्य तथा नीतिहरु, विद्यमान ऐन, नियम, कार्यविधि तथा निर्देशिका, सहश्राब्दि विकास लक्ष्य, स्थानीय पूर्वाधार विकास नीति र विकासका सम सामयिक मुद्धाहरु र स्थानीय आवश्यकतालाई प्रमुख आधारका रुपमा लिएका छौं ।

सम्मानित अध्यक्षज्यू

अव म चालु आ.व.२०७६/७७ को क्षेत्रगत वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन अवस्थाका सन्दर्भमा संक्षिप्तमा समिक्षा गर्न चाहन्छु ।

पुर्वाधार विकास :

चालु आ.व.मा पुर्वाधार विकास तर्फ लगानीको ठुलो हिस्सा गाउँपालिकाका गौरवका बहुबर्षिय सडक आयोजनाहरुमा विनियोजन गरिएकोमा २०७७ जेष्ठ मसान्तसम्ममा ४.४ कि.मि.को भुटाहा बास्मतिया सडक निर्माण कार्य सम्पन्न भएको छ भने बसन्तपुर-घुस्की वोर्डर सडक अर्न्तगत घुस्की बजार क्षेत्र बाहेक कालोपत्रे गर्ने कार्य सम्पन्न भइ हालसम्म जम्मा १० कि.मि. सडक कालोपत्रे भइसकेको छ। बाँकि सडकहरु मध्धे घुस्की-अर्नमा सडक कालोपत्रे हुने चरणमा पुगेको छ भने बाँकी सडकहरुमा सव वेस र बेस कोर्षको कार्य भइरहेको छ । बहु बर्षिय सडक आयोजनाहरुको ९ स्थानमा बक्स कल्भर्ट निर्माणको काम अघि बढिरहेको छ भने सडक सुरक्षाका लागि ग्यावियन वर्कको कार्य समेत अघि बढाइएको छ । चालु आ.व.मा प्रदेस सरकार र गाउँपालिकाको साझेदारीमा हरिनगर गा.पा. २ शिवमन्दिर पुर्व साविक वडा नं. २ हुदै मुल सडकमा जोडिने सडक कालोपत्रे गर्ने कार्य अघि बढिरहेको छ भने वडा नं ४ मा कोइरी टोल मा र वडा नं. १ चमसुर टोलमा झोलुंगे पुल निर्माणको प्रकृया अघि बढाइएको छ । जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारीमा वडा नं. २, ४, मा वडा कार्यालय भवन निर्माण सम्पन्न भइसकेको छ भने वडा नं. ६ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने जग्गा उपलव्ध हुन नसकेका कारण ७ नं. वडा कार्यालय भवन निर्माण कार्य अघि बढन सकेको छैन ।

**आर्थिक विकास** :

कृषि तथा पशु सेवा विकास :

चालु आ.व.मा पशु सेवा विकास तर्फ पशु आहारा सेवा  कार्यक्रम अन्तर्गत दुग्घ उत्पादक किसानहरुलाई घाँसको विउ वितरण, नियमित पशु स्वास्थ्य  तथा कृत्रिम गर्भाधान सम्वन्धि कार्यक्रमहरु संचालन भई पशुपालक किसानहरु लाभान्वित भएका छन । त्यसै गरि कृषि विकास तर्फ किसानहरुलाइ सतप्रतिशत अनुदानमा तरकारीको विउ वितरण, गहुँको विउ वितरण, धानको विउ वितरण गरिएको छ। त्यसै गरि बेमौसमी तरकारी खेती ,उन्नत जातका पशुपालन, पशु तथा कृषि विमा, पशु स्वास्थ्य उपचार जस्ता कार्यक्रमहरु संचालन गरिएका छन ।

**सामाजिक विकास :**

स्वास्थ्य

चालु आ.व.मा स्वास्थ तर्फ स्वास्थ्यकर्मीहरुको क्षमता विकास, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा, आमा सुरक्षा कार्यक्रम, नियमित खोप तथा भिटामिन ए कार्यक्रम, स्वास्थ्य विमा कार्यक्रम, निशुल्क औषधी वितरण, परिवार नियोजन, गाउँघर क्लिनिक आदि कार्यक्रम संचालन गरिएको छ। कोभिड-१९ को संक्रमणबाट आम नागरिकहरुलाइ बचाउन क्वारेन्टाइन स्थलको संचालन र व्यवस्थापन, क्वारेन्टाइनमा बसेका मानिसहरुको आर.डि.टि. र पि.सि.आर टेष्ट, स्वास्थ्यकर्मीहरु र क्वारेन्टाइनमा परिचालित जनशक्तीहरुका लागि सुरक्षण सामाग्रीहरु (मास्क,पंजा, सेनीटाइजर, पिपिइ आदि ) खरिद गरिएको छ । प्रदेश सरकार,सामाजिक विकास मन्त्रालय,गाउँपालिका र करुणा फाउण्डेसनको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुनस्थापना कार्यक्रम संचालन गरिएको छ ।

शिक्षा :

चालु आ.व.मा शिक्षा तर्फ शिक्षाको गुणस्तर माथी उठाउन मन्टेश्वरी तालिम, शिक्षकहरुको क्षमता विकास गर्न मागमा आधारित तालिम संचालन, विद्यालयहरुमा बुक कर्नरको व्यवस्था, कक्षा ८ र ९ को एकिकृत परिक्षा

संचालन,अन्तर आधारभुत तह खेलकुद प्रतियोगिता, राष्टपती रनिङ शिल्ड प्रतियोगिता संचालन, सामुदायिक विद्यालयका शिक्षकहरुका लागि शैक्षिक भ्रमण, हेल्मेट शिक्षकको व्यवस्थापन, उर्दु शिक्षकको व्यवस्थापन, १३ वटा सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको पठन पाठनको स्तर उठाउन Talking Teaacher programme संचालन गरिएको छ ।

लक्षित समुदाय विकास कार्यक्रम :

कोरोना भाइरसको संक्रमण फैलन नदिन सरकारले घोषणा गरेको लकडाउनका कारण मानिसहरु जम्मा गरि संचालन गरिने कार्यक्रम संचालन गर्न सम्भव नभएका कारण चालु आ.ब. वडास्तरका केहि लक्षित कार्यक्रम संचालन भएता पनि गाउँपालिका स्तरिय लक्षित कार्यक्रमहरु संचालन हुन नसकेको व्यहोरा अनुरोध गर्दछु ।

कोरोना भाइरसको संकमण फैलन नदिन घोषणा भएको लकडाउनका कारण विपन्न परिवारहरुको दैनिक जिवन यापनमा पर्न गएको कठिनाइलाई मध्यनजर गरि लक्षित समुदाय विकास तर्फका र अन्य आयोजनाहरुको रकम कटौति गरि कोरोना कोषमा दाखिला गरि सोहि रकमबाट करिव ७ हजार घर परिवारलाइ राहत वितरण गरिएको छ ।

कोरोना कोषमा जनप्रतिनिधिहरुको एक महिनाको सेवा सुविधा, कर्मचारी र शिक्षकहरुको सात दिन र पाँच दिनको तलव दाखिला गरिएको र विभिन्न संघ संस्था र व्यक्तिहरुबाट समेत बस्तुगत र नगद योगदान गरिएको छ । संकट घणीमा सहयोग पुर्याउनु हुने सम्पुर्ण जनप्रतिनिधिहरु, कर्मचारी तथा शिक्षकहरु, विभिन्न संघ संस्था र व्यक्तीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

संस्थागत व्यवस्था तथा सुशासन :

गाउँपालिकाको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित बनाउन र पारदर्शि बनाउन आर्थिक कार्यविधि कानुन स्विकृत भएको छ ।

कम्प्युटर प्रणालीको प्रयोग गरि राजस्व संकलन कार्यलाई सरल, सहज र विश्वसनिय बनाउन आवश्यक व्यवस्था मिलाईएको छ । सामाजिक सुरक्षा भत्ता रकम बैंक खाता मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा सि.सि.क्यामरा जडान गरिएको छ ।

गाउँ कार्यपलिकाको खर्च लेखालाई नेपाल सरकारबाट तयार गरिएको सुत्र प्रणालीमा आवद्ध गरि आर्थिक कारोवारलाई विश्वसनिय र भरपर्दो वनाईएको छ । गाउँ कार्यपालिकाको कार्यालयवाट प्रवाह हुने सेवालाई कम्प्युटराइज्ड गर्दे लगिएको छ र  गाउँपालिकाको नाममा वेभ साइट संचालन गरिएको छ ।

## **<u>क्षेत्रगत नीति</u>**

सम्मानित अध्यक्षज्यू

अव म आ.व. २०७७/०७८ को क्षेत्रगत बार्षिक नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास :**

**कृषि :**

- माटो सुँहाउदो वालीहरुलाई प्रोत्साहित गरि कृषि क्षेत्रको उत्पादकत्व र प्रतिष्पर्धि क्षमता विकास गरिने छ ।
- तुलनात्मक लाभ हुन सक्ने मकै लगायतका कृषि उपजको उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ ।
- खेती योग्य जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।
- कृषि योग्य भुमीमा सिचाइ सुविधा विस्तार गर्दै लगिने छ ।
- गरिव तथा न्युन आय भएका किसानहरुलाई सतप्रतिशत अनुदानमा धान,गहुँ तथा तरकारीको विउ उपलव्ध गराउने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशु स्वास्थ्य सम्वन्धि जनशक्ती तयार गर्न बेरोजगार युवाहरुलाई लामो अवधिको तालिम प्रदान गरिने छ ।
- पशुपंक्षीको उत्पादकत्व बढाउन पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- कृषि तथा पशुपंछीहरुको तथ्यांक अद्यावधिक गरिनेछ ।
- फलफुल दसक अन्तर्गत आँप र लिची विरुवा रोपण अभियान संचालन गरिनेछ ।
- पशु स्वास्थ्य सेवा र कृषिलाई प्रभावकारी बनाउन **एक गाउँ एक प्राविधिक** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**उद्योग तथा वाणिज्य :**

- गाउँपालिका क्षेत्र भित्र उद्योगको विकासका लागि उद्योगलाई आवश्यक पर्ने पूर्वाधार विकास गर्न गाउँपालिकाले जोड दिनेछ ।
- स्थानीय सीप र कौशल प्रयोग हुने वस्तु र सेवाको उत्पादन र व्यापारलाई प्रोत्साहन दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक र पुरातात्वीक महत्वका सम्पदाहरुको खोजी गरी त्यस्ता क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।

सहकारी, गरिवि निवारण र रोजगारी श्रृजना

- गरिवि निवारण कोषबाट विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदायस्तरमा समुहहरुलाइ उपलव्ध गराएको पुँजी रकम र समुहहरुले गरेको बचत रकमको लगत गाउँपालिकाबाट अद्यावधिक गरि सो रकम रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ ।
- गरिवि निवारण कोषद्धारा प्रवर्द्धित गाउँपालिका क्षेत्र भित्रका सामुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाइ विउ पुँजीको रुपमा प्रयोग गरि स्थानीय स्तरमा आर्थिक गतिविधि संचालन गर्न यी संस्थालाइ सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

- विदेसबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सिपको विवरण समेत रोजगार सुचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाइ स्थानीय तह भित्र उपलब्ध हुने निर्माण,सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरि रोजगारी प्रदान गर्न सहजिकरण गरिनेछ।

**सामाजिक विकास**

**शिक्षा :**

- सार्वजनिक विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा सुधार गरी निजी क्षेत्र र सार्वजनिक क्षेत्र विच रहेको शिक्षाको गुणस्तरमा रहेको अन्तर घटाउनेछ।
- शिक्षालाई रोजगारी र उद्यमशिलतासँग जोडन प्राविधिक र व्यवसायिक शैक्षिक संस्थाको स्थापनाका लागि पहल गरिने छ।
- विद्यालय तहको शिक्षामा कम्प्युटर शिक्षालाई प्रोत्साहित गर्न हेल्मेट शिक्षकको व्यवस्था मिलाइने छ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको पठन पाठनलाई सहज बनाउन सामुदायिक विद्यालयहरुमा अंग्रेजी बोल्ने र पढने मेसिन ( Talking teacher ) को व्यवस्थालाइ अन्य विद्यालयहरुमा विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।
- विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको प्रयोग र सिकाईलाई प्रोत्साहित गरिनेछ।
- WVIN/Save the Earth Sunsari संगको साझेदारीमा knowledge improvement through Access of Books (kitab) project संचालन गरिनेछ।

**स्वास्थ्य :**

- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायत जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।
- गर्भावस्था देखि जन्मपश्चात उपलब्ध गराइने खोप, भिटामिन 'ए' पोलियो खोप जस्ता आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ।
- कोभिड-१९ मा स्थानीय तहमा स्वास्थ्यकर्मी तथा जनशक्तीलाइ स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, सेनीटाइजर,पंजा आदि सामाग्रीहरु) को अभाव नहुने गरि बजेट व्यवस्था गरिनेछ।
- संक्रामक रोगहरु नियन्त्रणमा हासिल भएका उपलव्धिहरुलाई कायम राखिनेछ।
- बढदै गइरहेको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न समुदायस्तरमा सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्र, हरिनगरालाई १५ सैयाको अस्पतालमा स्तरोन्नती गर्न आवश्यक व्यवस्था मिलाइने छ।

- एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुरुप आ.व. २०७६/७७ मा निर्माण सम्पन्न भएको आधारभुत स्वास्थ्य केन्द्रबाट २०७७ भाद्र महिनाबाट सेवा प्रवाह सुचारु गरिनेछ । वडा नं ७ मा आधारभुत स्वास्थ्य केन्द्र भवन स्थापनाका लागि जग्गाको व्यवस्था गरि चालु आ व मै भवन निर्माण प्रकृया अघि बढाइने छ ।

**खानेपानी र सरसफाई**

- गाउँपालिका क्षेत्र भित्रका सबै जनसंख्यालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराउन पहल गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका सहरउन्मुख बजारहरुमा ढल निकास तथा फोहरमैला व्यवस्थापन कार्यको शुरुवात गरिनेछ ।

**युवा तथा खेलकुद :**

- युवाको दक्षता उद्यमशिलता अन्वेषणात्मक क्षमताको विकास गरी विकासमा युवा सहभागिता बढाइने छ ।
- जेष्ठ नागरिक, एकल महिला, अपांग, दलित बालबालिकालाई प्राप्त हुने सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- प्लान इन्टरनेशनल नेपाल मार्फत सम्पुर्णताका लागि युवा सिर्जनाहरुको साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण र स्थानीय स्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।

संस्कृति :

- स्थानीय समुदायको भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

**पूर्वाधार विकास**

**सडक :**

- सडक आयोजना निर्माण गर्दा रकम छर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ । र बहुवर्षिय आयोजना तथा चालु आ.व.का अधुरा योजनाहरुलाइ आ.व. २०७७०७८ भित्र सम्पन्न गरि बजेट व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका मुख्य सडकहरु सर्वयाम यातायात संचालन गर्न सकिने गरी क्रमशः स्तरोन्नती गरिदै लगिने छ ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरुको अभिलेख व्यवस्थित गरी योजनाबद्ध रुपमा सडक निर्माण कार्य अघि बढाइनेछ ।
- रणनैतिक महत्वका सडकको दायाँ वायाँ वृक्षारोपण गर्न प्राथमिकता दिइने छ ।
- गाँउपालिका क्षेत्र भित्रका वडाहरुलाई गाउँपालिकाको केन्द्रसंग जोडने सडकहरुको स्तरोन्नतीलाई प्राथमिकता दिइनेछ ।

**भवन तथा सहरी विकास**

- व्यवस्थित वस्ती विकासलाई अघि बढाउन Land Pooling कार्यक्रम संचालन गर्न सकिने स्थानहरुको छनौट गरी सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाउँपालिका भित्र वन्ने भवनहरुलाई नियमन गर्न वस्ती विकास तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी अनिवार्य नक्सा पास गर्नु पर्ने व्यवस्था लागू गरिनेछ ।
- गाउँपालिका भित्र बन्ने भवनहरुलाई भुकम्प प्रतिरोधी र सुरक्षित बनाउन राष्ट्यि भवन संहिता लागू गरिनेछ ।

**वन,वातावरण तथा विपद व्यवस्थापन**

**विपद व्यवस्थापन**

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।
- विपदहरुको रोकथाम तथा न्यनिकरणका लागि पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ठूला पूर्वाधार आयोजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखि कार्यान्वयन गर्न सघाउ पुग्ने गरि डिजाइन तथा इस्टिमेट गर्ने व्यवस्था गरिनेछ ।
- छिमेकी गाउँपालिकाहरु सँगको साझेदारीमा वारुण यन्त्र संचालनका लागि आवश्यक पहल गरिनेछ ।

वातावरण संरक्षण :

- गाउँपालिका क्षेत्र भित्रका खाली तथा पर्ति जग्गाहरुमा वृक्षारोपण गरिनेछ ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरु सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तन संग अनुकुलित हुने गरी विकास कार्यक्रमहरु संचालन गरिने छ ।
- सहरिकरणको विस्तार सँगै बढने फोहरमैलाको चुनौतिलाई सामना गर्न फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गाको खोजी गरिने छ ।
- स्थानीय नदीहरुको कटान नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि  तालुक निकायमा पहल गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास :**

**सुशासन  र वित्त व्यवस्थापन :**

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन पुरस्कार र दण्डको व्यवस्था अवलम्बन गरिनेछ ।
- कर्मचारीहरुको क्षमता विकास गर्न लेखाकंन, सूचना प्रविधिको प्रयोग सम्बन्धि तालिम प्रदान गरिनेछ ।।

- सूचना प्रविधिको उपयोग गरी स्थानीय तथ्यांक तथा अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र कार्यक्रम संचालन गर्नु पूर्व गैर सरकारी संस्थाहरुले गाउँपालिकाको अनिवार्य स्वीकृति लिनु पर्ने व्यवस्था लागू गरिनेछ ।
- लक्षित समुदाय विकास कार्यक्रममा विनियोजित साधन श्रोत्रबाट स्थानीय श्रमबजारको माग अनुसारका लामो अवधिको व्यवसायिक तथा सीपमूलक तालिम संचालन गरिने छ ।
- स्थानीय सरकारलाई जनता प्रति जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।
- सूचनाको हकको कार्यान्वयनलाई व्यवस्थित बनाउन गाउँपालिकाको प्रवक्ता र सूचना अधिकारी तोकिनेछ ।
- सेवा प्रभाहलाई चुस्त दुरुस्त बनाउन नागरिक वडापत्र र गुनासो पार्टी कार्यालयमा राखिने छ ।
- लेखापालनलाई सुत्र प्रणालीमा आबद्ध गरिने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाइने छ ।
- कर्मचारी र पदाधिकारीहरुको आचार संहिता बनाई लागू गरिने छ ।

**राजस्व**

- करका दरहरुलाई समसामयिक वनाइनेछ र दायरालाई विस्तार गरिनेछ ।
- कर प्रशासनलाई करदातामैत्री वनाइनेछ ।
- राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा राजस्व प्रक्षेपण गरिनेछ ।

अध्यक्षज्यू

अव म आगामी आ.व. २०७७/७८ को बार्षिक गाउँ विकास योजनाका केही पक्षहरु यस सम्मानित सभामा राख्न चाहन्छु ।

आ.व. २०७७/७८ मा पुर्वाधार विकास तर्फ लगानीको ठुलो अंश गाउँपालिका स्तरिय गौरवका बहुवर्षिय आयोजनाहरुको कार्यान्वयनका लागि विनियोजन गएिको छ । निर्माणाधिन अवस्थामा रहेका वहु बर्षिय आयोजनाहरुलाइ सम्पन्न गर्ने गरि आ.व. २०७७/७८ मा रु. १३ करोड ७४ लाख ३३ हजार विनियोजन गरिएको छ । क्रमागत रुपमा रहेको रहेको वडा नं. २ शिवमन्दिर पुर्व हुदै मुल सडक जोडने, सडक, बक्स कल्भर्ट निर्माण, ग्याबियन वर्क र ग्याबियन मेस लगायतका कार्य आगामी आ.व.मै सम्पन्न गर्ने गरि बजेटको व्यवस्था गरिएको छ ।

सामाजिक विकास तर्फ प्रदेश सरकार,सामाजिक विकास मन्त्रालय,गाउँपालिका र करुणा फाउण्डेसनको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुनस्थापना कार्यक्रम र प्रदेस सरकार र गाउँपालिकाको साझेदारीमा संचालन हुने गरि परिवार स्वास्थ्य कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । त्यसै गरि गाउँपालिकाको तर्फबाट शिक्षा क्षेत्रमा ५० लाख,स्वास्थ्य क्षेत्रमा ५० लाख,कृषि क्षेत्र तर्फ ३५ लाख, पशु सेवा तर्फ २० लाख, आयुर्वेद तर्फ ३ लाख र लक्षित समुदाय विकास कार्यक्रम तर्फ रु.३० लाख विनियोजन गरिएको छ ।

सम्मानीत अध्यक्षज्यू

अव म गत आ.व.२०७५/०७६ को यथार्थ आय व्यय चालु आ.व. २०७६/७७ को अनुमान र २०७६ जेष्ठ मसान्त सम्मको आय व्ययको अवस्था तथा आगामी आ.व. २०७७/७८ को अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

गत आ.व. २०७५/७६ मा आय तर्फ संघीय सरकार वित्तिय समानिकरण अनुदान रु. १२ करोड, ५६ लाख , सशर्त अनुदान १५ करोड १६ लाख ६० हजार,संघीय राजस्व बाडँफाडवाट रु.७ करोड ६५ लाख ४ हजार, प्रदेस समानिकरण ४० लाख , प्रदेस राजस्व बाँडफाँड रु. १ करोड र आन्तरिक आय तर्फ अ.ल्या रकम सहित रु.७ करोड ८० लाख १ सय ५८ पैसा ५९ गरि जम्मा रु. ४७ करोड २४ लाख ५६ हजार ३ सय ८१ आय प्रस्ताव गरिएकोमा जम्मा ४४ करोड ८७ लाख ८९ हजार ८ सय ३८ बास्तविक आय प्राप्त भएको र व्यय तर्फ चालु खर्च तर्फ २१ करोड २० लाख २० हजार १ सय ६५ र पुँजिगत खर्च तर्फ रु. २६ करोड ४ लाख ३६ हजार २ सय १६ विनियोजन प्रस्ताव गरिएकोमा जम्मा बास्तविक आय ४४ करोड ८७ लाख ८९ हजार ८ सय ३८ प्राप्त भएको भइचालु तर्फ २० करोड ४० लाख ४० हजार १ सय ३० पैसा ७५ र पुँजिगत तर्फ २१ करोड ५६ लाख ४८ हजार ९ सय ५५ पैसा ४८ खर्च भएको र वाँकी रकम रु. २ करोड ९१ लाख १५ हजार ७ सय ५० पैसा ८३ अ.ल्या आम्दानी सारीएको व्यहोरा अनुरोध छ । आ.व. २०७५।०७६ को जम्मा खर्च प्रतिशत ८८.८३ भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

चालु आ.व. २०७६/७७ का लागि आय तर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण र सशर्त अनुदान गरि रु. ३१ करोड १० लाख ७३ हजार , प्रदेश सरकारबाट समानिकरण र सशर्त अनुदान गरि जम्मा रु. २ करोड ४५ लाख ८४ हजार , राजस्व बाँडफाँड संघीय र प्रदेस सरकार गरि रु. १० करोड १८ लाख ५४ हजार र आन्तरिक श्रोत तर्फ अ.ल्या रकम सहित रु. ९ करोड २ हजार ८ सय ३० गरि जम्मा रु. ५२ करोड ७५ लाख १३ हजार ८ सय ३० गरि जम्मा आय प्रस्ताव गरिएकोमा हाल सम्म रु. ४२ करोड २३ लाख ९१ हजार ६ सय ५१ पैसा ८७ आय प्राप्त भएको छ भने व्यय तर्फ चालु खर्चमा रु. २१ करोड ६९ लाख ३५ हजार ४ सय ६२ र पुजिँगत तर्फ रु. ३० करोड ९७ लाख ५ हजार ३ सय ६८ व्यय प्रस्ताव गरिएकोमा हाल सम्म चालु तर्फ १३ करोड ९९ लाख ८ हजार ५ सय ७३ पैसा १४ र पुँजिगत तर्फ रु १६ करोड २७ लाख १६ हजार ७ सय ७६ पैसा २ गरि जम्मा रु. ३० करोड २६ लाख २५ हजार ३ सय ४९ पैसा १६ खर्च भएको व्यहोरा अनुरोध छ । हाल सम्मको प्रगति ५७.४६ प्रतिशत रहेको छ ।

आगामी आ.व. २०७७/०७८ का लागि आय तर्फ संघीय सरकार समानिकरण,सशर्त र समपुरक अनुदान गरि रु.३५ करोड २७ लाख, प्रदेस समानिकरण, सशर्त र समपुरक अनुदान गरि रु. १ करोड ९३ लाख २० हजार,राजस्व बाँडफाँड संघीय र प्रदेस गरि जम्मा रु. ९ करोड २८ लाख ६५ हजार ३ सय ६० र आन्तरिक श्रोत अ.ल्या सहित रु. ६ करोड १४ लाख गरि जम्मा रु. ५२ करोड ६२ लाख ८५ हजार ३ सय ६० आय प्रस्ताव गरिएको छ भने व्यय तर्फ चालु खर्चमा रु.२५ करोड २८ लाख २७ हजार र पुँजिगत तर्फ रु. २७ करोड ३४ लाख ५८ हजार ३ सय ६० गरि जम्मा रु. ५२ करोड ६२ लाख ८५ हजार ३ सय ६० व्यय प्रस्ताव गरिएको छ ।

सम्मानीत अध्यक्षज्यू

गाउँपालिकाले चालु आ.व.को लागि प्रस्ताव गरेको कर, शुल्क, दस्तुर, महशुल को दर रेट समेटिएको आर्थिक विधेयक र व्ययको क्षेत्रगत र विस्तृत विवरण समेटिएको विनियोजन विधेयक, बजेटको पुर्ण विवरण र बार्षिक गाउँ

विकास योजना यसै साथ अनुसुचीमा समावेश गरि छलफलका लागि सम्मानित सभामा टेवल गरेको छु । आगामी आ.व. २०७७/७८ का लागि तयार गरिएको नीति, कार्यक्रम र बजेट उपर यस सम्मानित सभामा घनिभुत छलफल भई निर्धारित समय सिमा भित्र सभाको स्विकृति प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा

वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमामा अभिभावकत्व प्रदान गर्नु हुने अध्यक्षज्यू, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका सवै सदस्यज्यूहरु, बजेट निर्माणमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्‍याउनु हुने वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, वडासदस्यज्यूहरु र गाउँपालिकाको छाता भित्र रहनु भएका सम्पुर्ण कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । गाउँपालिकाले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा वजेट समयमै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि यहांहरु सहित सम्पूर्ण गाउँपालिकावासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुति सहित आफनो भनाईहरु यही अन्त गर्दछु ।

धन्यवाद

मिति २०७७ आषाढ १० गते,

रिमझिम कुमारी भगत

उपाध्यक्ष

हरिनगर(( गाउँपालिका